# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## पाणिनी गाउँपालिका

## अर्घाखाँची



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

पाणिनी गाउँपालिका

अर्घाखाँची



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं.१०१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
पाणिनी, गाउँकार्यपालिकाको कार्यालय,
अर्घाखाँची ।

**कैफियत सहितको राय**

हामीले पाणिनी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ७९ लाख ६३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५करोड १ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.७२ लाख १० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.३ करोड १ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ७७ लाख ७७ हजार रहेको छ । गाउँपालकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

पाणिनी गाउँपालका, अर्घाखाँची

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५७ | २९ | ५७९६३ | ० | ० | ० | ५७ | २९ | ५७९६३ | ५६१ | ७२१० | ५०१९२ | ० | ० | ५७४०२ | ० |

## १.२ प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिक्रिया फछ्यौट नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाणिनी गाउँपालिका,अर्घाखाँची | ३०१७१ | ० | ३५७ | २९८१४ | ० | ५७९६३ | ८७७७७ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : पाणिनी गाउँपालिका, अर्घाखाँची , पानिनी गाउँपालिका , अर्घाखाँची

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हुमलाल भुसाल | २०७८-१२-८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | नेत्र प्रसाद घिमिरे | २०७७-४-१ | २०७८-१२-७ |
| लेखा प्रमुख | बाल कृष्ण आचार्य | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५७,९६२,८८५.८७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३,०६,२९,३९४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,३१,३८,०८६ | **चालु खर्च** | ३८,५१,१५,३९१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१९,५०,००० | **पूँजीगत खर्च** | १५,६५,७२,०६४ |
| **राजश्व बाँडफाँट** | ८,८२,४५,१७५ | **वित्तीय/अन्य व्यवस्था** | ४,३०,४०,१८५ |
| **आन्तरिक आय** | २,३०,३०,२१३ | | |
| **अन्य आय** | ७०,८२,१५४ | | |
| **कुल आय** | ६१,३४,४५,६२८ | **कुल खर्च** | ५८,४७,२७,६४० |
| **बाँकी मौज्दात** | | ५,९३,४७,३८२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पाणिनी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पाणिनी गाउँपालिकाको उद्देश्य रहेको छ । यस पाणिनी गाउँपालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, १५१.४२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२३३० जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको उद्देश्य**<br><br>स्थानीय तहकाे वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । | |
| ३ | | | **वित्तीय व्यवस्था**<br><br>**यस वर्ष गाउँपालिकाको सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।**<br><br>प्राप्ती भुक्तानी हिसाव | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६३,०८,६९,०४०.०० | ५७,२७,८७,४७८.२१ | | ५७,२७,८७,४७८.२१ | ५६,५८,७०,५८८.९५ | | ५६,५८,७०,५८८.९५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६२,४७,५९,०४०.०० | ५७,०५,१६,०५३.२१ | ०.०० | ५७,०५,१६,०५३.२१ | ५४,९७,११,०९७.९५ | ०.०० | ५४,९७,११,०९७.९५ |
| ११००० कर | ११ | ९,६६,०८,०६१.४५ | ९,५१,८५,००१.८० | ०.०० | ९,५१,८५,००१.८० | ७,८७,८५,९७६.७२ | ०.०० | ७,८७,८५,९७६.७२ |
| १३००० अनुदान | | ५१,५३,७८,०००.०० | ४६,७०,७५,६०३.८३ | ०.०० | ४६,७०,७५,६०३.८३ | ४६,१९,७६,७२०.८३ | ०.०० | ४६,१९,७६,७२०.८३ |
| संघीय सरकार | १२ | ४७,१४,७८,०००.०० | ४२,९४,३१,५८४.८३ | ०.०० | ४२,९४,३१,५८४.८३ | ४१,९५,४६,४६६.८३ | ०.०० | ४१,९५,४६,४६६.८३ |
| प्रदेश सरकार | १२ | ३,४७,००,०००.०० | २,८४,४४,०१९.०० | ०.०० | २,८४,४४,०१९.०० | ४,२४,३०,२५४.०० | ०.०० | ४,२४,३०,२५४.०० |
| अन्तरिक श्रोत | | ९२,००,०००.०० | ९२,००,०००.०० | ०.०० | ९२,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| १४००० अन्य राजस्व | | १,२७,७२,९७८.५५ | ८२,५५,४४७.५८ | ०.०० | ८२,५५,४४७.५८ | ८९,४८,४००.४० | ०.०० | ८९,४८,४००.४० |
| ख. अन्य प्राप्ति | | ६१,१०,०००.०० | २२,७१,४२५.०० | | २२,७१,४२५.०० | १,६१,५९,४९१.०० | | १,६१,५९,४९१.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ६१,१०,०००.०० | ०.०० | ०.०० | ०.०० | १,१०,००,१७०.०० | ०.०० | १,१०,००,१७०.०० |
| धरौटी | | ०.०० | २२,७१,४२५.०० | ०.०० | २२,७१,४२५.०० | ५१,५९,३२१.०० | ०.०० | ५१,५९,३२१.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ६८,४९,१९,०४०.०० | ५४,७४,१०,५१३.१९ | | ५४,७४,१०,५१३.१९ | ५९,७७,५१,३५९.१८ | | ५९,७७,५१,३५९.१८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७,८८,०९,०४०.०० | ५४,१५,९०,२६५.१९ | | ५४,१५,९०,२६५.१९ | ५८,१७,९२,७८६.९३ | | ५८,१७,९२,७८६.९३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,८७,५७,०००.०० | ६,६१,३७,१३८.७४ | ०.०० | ६,६१,३७,१३८.७४ | १६,८९,१४,८१८.७३ | ०.०० | १६,८९,१४,८१८.७३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,९२,८०,६००.०० | ८,५३,७२,३६८.०० | ०.०० | ८,५३,७२,३६८.०० | ९,१८,३७,४९०.२० | ०.०० | ९,१८,३७,४९०.२० |
| २५००० सहायता (Subsidy) | १८ | २३,९४,३०,०००.०० | २२,५४,७३,८९६.४७ | ०.०० | २२,५४,७३,८९६.४७ | ११,०३,५२,९४७.०० | ०.०० | ११,०३,५२,९४७.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | ५९,२०,०००.०० | ५८,७१,५८५.०० | ०.०० | ५८,७१,५८५.०० | ८३,७७,५७८.०० | ०.०० | ८३,७७,५७८.०० |
| २८००० अन्य खर्च | १८ | ३७,००,०००.०० | २२,६०,४०३.०० | ०.०० | २२,६०,४०३.०० | १८,५७,७३७.०० | ०.०० | १८,५७,७३७.०० |
| ३१००० गैर वितीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०,१७,२१,४४०.०० | १५,६४,७४,८७३.९८ | ०.०० | १५,६४,७४,८७३.९८ | २०,०४,५२,२१६.०० | ०.०० | २०,०४,५२,२१६.०० |
| घ. अन्य भूक्तानी | | ६१,१०,०००.०० | ५८,२०,२४८.०० | | ५८,२०,२४८.०० | ५९,७७,५१,३५९.१८ | | ५९,७७,५१,३५९.१८ |
| कोषहरु | | ६१,१०,०००.०० | ३५,७२,९७३.०० | ०.०० | ३५,७२,९७३.०० | १,४३,४९,००९.२५ | ०.०० | १,४३,४९,००९.२५ |
| धरौटी | | ०.०० | २२,४७,२७५.०० | ०.०० | २२,४७,२७५.०० | १६,०९,५६३.०० | ०.०० | १६,०९,५६३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (५,४०,५०,०००.००) | २,५३,७६,९६५.०२ | | २,५३,७६,९६५.०२ | (३,१८,८०,७७०.२३) | | (३,१८,८०,७७०.२३) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,३९,९१,०६०.७६ | | ३,३९,९१,०६०.७६ | ६,०६,४८,७१४.९९ | | ६,०६,४८,७१४.९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (५,४०,५०,०००.००) | ५,९३,६८,०२५.७८ | | ५,९३,६८,०२५.७८ | २,८७,६७,९४४.७६ | | २,८७,६७,९४४.७६ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,९३,४७,३८१.७६ | | ५,९३,४७,३८१.७६ | ३,०६,२९,३९३.७६ | | ३,०६,२९,३९३.७६ |

**स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः**

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूेण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुन निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनसुार सत्रु र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७२ | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | ३३९९१०६०.७६ | 30629393.76 | 3361667.00 |
| यस वर्षको आम्दानी | ५७२७८७४७८.२१ | 613445627.4 | -40658149.19 |
| यस वर्षको खर्च रकम | ५४७४१०५१३.१९ | 584727639.4 | -37317126.21 |
| बाँकी मौज्दात | ५९३४७३८१.७६ | 59347381.76 | 0.00 |

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

| ४ | | | **आन्तरिक नियन्त्रण** | |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु. ४८०८९६० मौज्दात रहेको रकम २०७९ साउन १५ गते संचित कोषमा ट्रान्सफर गरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा २१ रिक्त रहेको पाइयो ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १३५५२००० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।<br>• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ । | |
| ४.३ | | | भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति लागु गर्नु पर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ५.२ | | | नीति तथा मार्गदर्शनः गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा मार्गदर्शन २०७८ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः<br><br>• कृषि सहकारी कृषक समुह तथा कृषि फार्महरुसँगको लागत साझेदारीमा कृषि श्रमिकहरु परिचालन गर्ने<br>• कृषि तथा पशु हाटबजारको विकास कृषक सूचना केन्द्र स्थापनाका लागि जोड दिने<br>• कृषकहरुका चौपायाहरुको चौपाया घटना दर्ता अभियान संचालन गरी चौपायाहरुको तथ्याङ्क संकलन गरी उत्पादनको आधारमा अनुदान व्यवस्था गर्ने<br>• एक व्यक्ति एक सहकारी एक घर एक कृषि सहकारी नीति लिने<br>• गाउँपालिका क्षेत्रभित्रको पर्यटन गुरुयोजना निर्माण गर्ने<br>• सौर्यखोला धोविघाट क्षेत्रमा ताल निर्माणका लागि सम्भाव्यता अध्ययन गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने गर्ने<br>• जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने<br>• यस पाणिनी क्षेत्रमा बग्ने विभिन्न जलश्रोतहरुबाट सतह तथा लिफ्ट सिंचाइ हुन सक्ने स्थानहरुको पहिचान गरी सिंचाइ सुविधा पुर्याउने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाभित्र रहेको बाँझो जग्गालाई कृषि उत्पादनसँग जोडन लगत संकलन गरी विवरण अद्यावधिक गर्ने<br>• महिला बालबालिका दलित विपन्न वर्ग आदिवासी जनजाति अल्पसङ्ख्यक कुमाल मुस्लिम लगायतका लक्षित वर्गको लागि विशेष कार्यक्रम दलितसँग अध्यक्ष शैक्षिक बीमाको सदस्य भन्ने नाराका साथ दलित मर कुमाल जातिका परिवारमा जन्ममिने छोरीहरुको जन्म दर्तासँगै शैक्षिक विमा कार्यक्रम अगाडी बढाउने<br>• गाउँपालिकाका समम्पूर्ण जनप्रतिनिधी कर्मचारी तथा शिक्षकको मासिक तलवको ५ प्रतिशत हुन आउने रकम कट्टा गरी उनीहरुका वावु आमाको बैंक खातामा सोझै भुक्तानी हुने कानुनी तथा नीतिगत व्यवस्थामा पहल गर्ने<br>• सडकको ईन्भेन्ट्री अनुसार सडकलाई नामाकरण तथा संकेत चिन्ह समेत राखी व्यवस्थित गर्ने<br>• चालु आ.व. देखि नक्सापास ब्यवस्था गर्ने<br>• शिक्षक सेवा आयोग र लोकसेवा आयोगका तयारी कक्षा संचालन नि:शुल्क रुपमा संचालनको व्यवस्था मिलाउने<br>• महामारी तथा विपद् व्यवस्थापन लागि contingency plane लाई कार्यान्वयन गर्ने<br>• विपद्को समयमा तत्काल सहयोगको लागि आकस्मिक उद्दार टोलिको गठन तथा स्वयंसेवक छनौट गरी उद्धार तथा राहात कार्यक्रमका तालिमहरु अगाडि बढाउने<br>• गाउँपालिका क्षेत्रभित्र रहेका भुमीहिन तथा आवास नभएका, आफ्नो हकभोग भित्र घरबास भई बसेका तर विभिन्न प्रकारका प्राकृतिक प्रकोपका कारणले उक्त स्थानमा बस्न नमिल्ने तथा आफ्नो जग्गामा बसोवास गर्न अन्य कुनै पनि जग्गा उपयुक्त नभएकालाई सार्वजनिक जग्गामा बसोवासको लागि जग्गा व्यवस्था मिलाउने<br>• गाउँपालिकाभित्रका सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी त्यसको संरक्षण गर्ने<br>• सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजाय र संरक्षण गर्नेलाई पुरस्कृत गर्ने पाणिनी गाउँपालिकाको योजनावद्ध विकासको लागि Village Profile बनाई सोही बमोजिम आवधिक योजना बनाउने । | |
| ५.३ | | | प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५.४ | | | कार्यक्रमहरू कार्यान्वयन नभएकोः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि रू. ६२ करोड ८१ लाख ७६ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ३९१ बटा कार्यक्रम मध्ये यस वर्ष ६३ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. ५ लाख भन्दा माथिका कार्यक्रमहरू देहाय अनुसार छन् । | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | खर्च शीर्षक | रकम |
|---|---|---|---|---|
| १ | कर्मचारी तालिम खर्च | २२५११ | आन्तरिक श्रोत | १००० |
| २ | भिलेज प्रोफाइल निर्माण | २२५२२ | आन्तरिक श्रोत | १००० |
| ३ | समावेशी कार्यक्रम समावेशी तर्फ | २२५२९ | आन्तरिक श्रोत | १००० |
| ४ | भ्रमण खर्च | २२६१२ | आन्तरिक श्रोत | ७०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>सिंचाइ</td><td>३११५५</td><td>आन्तरिक श्रोत</td><td>३०००</td></tr>
<tr><td>६</td><td>गा.पा. स्तरिय वर्थिङ सेन्टरको आ.व.०७७/७८ मा जि.स.स.बाट प्राप्त नभइ बाकी रहेको रकम भुक्तानी</td><td>३११५९</td><td>जिल्ला समन्वय समिति</td><td>१०००</td></tr>
<tr><td>७</td><td>धातिवाङ्ग मन्दिर निर्माण तथा मर्मत</td><td>३११५९</td><td>आन्तरिक श्रोत</td><td>१०००</td></tr>
<tr><td>८</td><td>धातिवाङ्ग मन्दिर निर्माण तथा मर्मत</td><td>३११५९</td><td>नेपाल सरकार - समानिकरण अनुदान</td><td>१६००</td></tr>
<tr><td>९</td><td>अन्य म्याचिङ कार्यक्रम</td><td>३११५९</td><td>आन्तरिक श्रोत</td><td>२५००</td></tr>
<tr><td>१०</td><td>पालिका भवन निर्माण</td><td>३११११</td><td>नेपाल सरकार - समपुरक अनुदान पुँजीगत</td><td>१५०००</td></tr>
<tr><td>११</td><td>सडक बोर्ड म्याचिङ</td><td>३११५९</td><td>नेपाल सरकार - समपुरक अनुदान पुँजीगत</td><td>१०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>कोभिड सम्बन्धी कोषबाट खर्च गरिने रकम</td><td>२२५२२</td><td>आन्तरिक श्रोत</td><td>२०००</td></tr>
<tr><td>१३</td><td>विपद विमारी असहाय सहायता</td><td>२२५२२</td><td>आन्तरिक श्रोत</td><td>५००</td></tr>
<tr><td>१४</td><td>आधारभूत तथा माध्यमिक तहमा स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षकको थप तलव भत्ता</td><td>२१११ १</td><td>नेपाल सरकार - शसर्त अनुदान चालु</td><td>१२००१</td></tr>
<tr><td>१५</td><td>कामका लागि पारिश्रमिक अनुदान (थप)</td><td>२२५२२</td><td>नेपाल सरकार - शसर्त अनुदान चालु</td><td>५९४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७८।३ ।१० गते रु. ६९ करोड ४८ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३ ।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४ ।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **बजेट व्यवस्थापन** | |
| ६.१ | | | पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च- पूँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना छनोटको आधारमा परीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, व्यक्ति, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२४७५७७५।- भुक्तानी दिएको पाइयो । | |

| भौ.नं. मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ५५-२०७९।१।२३ | गोन स्टुडियो प्रा.लि. | वडा स्तरीय डकुमेन्ट्रि निर्माण | ७२००० |
| ६१-२०७९।२।१६ | महिला स्वास्थ्य स्वयसेविका | म.स्वा.से सम्मान तथा सामग्री खरिद | २५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.२</td><td></td><td></td><td>वितरणमुखी कार्यक्रम - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७८।७९ को पुँजीगत बजेट शीर्षकबाट वीउ विजन वितरण, खानेपानी पाइप, बोका बाख्रा, जेनेरेटर वितरण जस्ता कार्यक्रममा खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन् ।
<table>
<tr><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>बाख्रापालन समुहलाई टंकी वितरण</td><td>२९९३०८</td><td>६५ वटा</td></tr>
<tr><td>८५ प्रतिशतमा जेनेरेटर</td><td>१२७५००</td><td>राधाकृष्ण दुध डेरी व्यवस्थापन</td></tr>
<tr><td>विभिन्न ३६३ जनालाई अनुदान</td><td>२९९६४८०</td><td>दुग्ध उत्पादनमा आधारित कार्यक्रम</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बैक हिसाब मिलान सम्बन्धमा<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले मे.ले.प.फा. नं. २१२ को ढाँचामा बैंक हिसाब मिलान विवरण गरेको पाइएन ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>1</td><td>संचित कोष</td><td>7370281</td><td>7078012</td><td>-292269</td></tr>
<tr><td>2</td><td>विविध कोष खाता3</td><td>1049935.37</td><td>1107743.69</td><td>57808.32</td></tr>
<tr><td>3</td><td>विभाज्य कोष खाता</td><td>1103186</td><td>700000</td><td>-403186</td></tr>
<tr><td>4</td><td>विविध कोष खाता</td><td></td><td>106170</td><td>106170</td></tr>
<tr><td>5</td><td>पूँजीगत खाता</td><td>20242112.74</td><td>4656535.02</td><td>-15585578</td></tr>
<tr><td>6</td><td>चालू खाता</td><td>54678448.52</td><td>38416856</td><td>-16261593</td></tr>
<tr><td>7</td><td>आन्तरिक राजस्व खाता</td><td>7429746</td><td>22697</td><td>-7407049</td></tr>
<tr><td>8</td><td>विपद व्यवस्थापन कोभिड</td><td>525468</td><td>230584.65</td><td>-294883.35</td></tr>
<tr><td>९</td><td>धरौटी खाता</td><td>5499057</td><td>5499057</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>-40080579</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बैक कारोवारमा भिन्नता (विभाज्य कोष खाता र राज्स्व खाता) रू. 4466699, बैक कारोवारमा भिन्नता(राजस्व खाता र सचित कोष खाता) रू. 742974, बैक कारोवारमा भिन्नत (संचित कोष खाता र खर्च खाता) रू. 2000000 र म्यानुअल भौचरबाट कोष फिर्ता रकम रू. 29843508 समेत खुद रू. 4123022 बैंकमा बढी भएको विवरण कार्यालयले पेश गरेको छ । यस्तो रकम स्वीकृत ढाँचा अनुसारको बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेकोरकम संघीयको सरकारको रु.३३६२९९५५।१९।- र प्रदेश सरकारको रु ३५०५९८१ समेत जम्मा रु ३७१३५९३६।१९ फिर्ता गरेको छ ।<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>315235175</td><td>281605219.8</td><td>33629955.19</td></tr>
<tr><td></td><td>विषेश</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td></td><td>समपुरक</td><td>-</td><td>-</td><td>-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>अन्य</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>8244000</td><td>7535906</td><td>708094</td></tr>
<tr><td></td><td>विषेश</td><td>6000000</td><td>5978515</td><td>21485</td></tr>
<tr><td></td><td>समपुरक</td><td>12550000</td><td>9773598</td><td>2776402</td></tr>
<tr><td></td><td>अन्य</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>342029175</td><td>304893238.8</td><td>37135936.19</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्च तर्फ<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १५ करोड ६५ लाख १६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ० अर्थात ० प्रतिशत, दोस्रो त्रैमासिकमा ७७.५७ हजार अर्थात ४.९५ प्रतिशत तेस्रो त्रैमासिकमा रु. २ करोड ५२ लाख ७३ हजार अर्थात १६।१४ प्रतिशत र चौथो त्रैमासिकमा रु. १२ करोड ३४ लाख ८४ हजार अर्थात ७८.८९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ८ करोड ८५ लाख ८१ हजार अर्थात ५६.५९ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | 156516 | - | 7757.6 | 25273.8 | 123484.6 | 88581.95 |
| | प्रतिशत | 71.88 | - | 3.56 | 11.6 | 56.71 | 40.68 |

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ५ वटा नियमावली, ४८ कार्यविधि, ५ वटा निर्देशिका र १ वटा नर्म्स समेत ७१ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले बनाई कार्यान्वयनमा ल्याएका सबै कानूनहरू राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरेको छ । बाँकी कानूनहरू समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो बर्ष थप भएको १४ वटा गरी जम्मा १६ वटा मध्ये १३ मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| ११.१ | | | विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१००००००।- खर्च गरेको छ । | |
| ११.२ | | | आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ६८ जनालाइ रु.८७५०००।- आर्थिक सहायता र १२ वटा कृषि तथा दुग्ध संस्थालाइ रु २९९६४८० वितरण गरेको छ। यस्तो रकम आन्तरिक आयको १६.८१ प्रतिशत रहेकोले नियन्त्रण गर्नु पर्दछ । | |
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| १२.१ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २करोड ८६ लाख ७२ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २ करोड ४३ लाख ८५ हजार अर्थात अनुमान भन्दा थोरै कम आय प्राप्त गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>३०४८९३२३८</td><td>२४३८५२५२</td><td>७.९९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.९९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>भुमिकर/मालपोत</td><td>1000000</td><td>1502317</td><td>150.2</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>घरवहाल कर</td><td>600000</td><td>1337710</td><td>222.3</td></tr>
<tr><td>परीक्षा शुल्क</td><td>550000</td><td>137925</td><td>25</td></tr>
<tr><td>प्रशासनिक सेवा शुल्क</td><td>667938.6</td><td>675739</td><td>101.2</td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>1200000</td><td>1443660.6</td><td>120.3</td></tr>
<tr><td>व्यक्तिगत घटना दस्तुर</td><td>1000000</td><td>875575</td><td>87.55</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>600000</td><td>48900</td><td>8.15</td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेसन दस्तुर</td><td>500000</td><td>440512</td><td>88.1</td></tr>
<tr><td>अन्य क्षेत्रको आय</td><td>4000000</td><td>986150</td><td>24.65</td></tr>
<tr><td>अन्य राजश्व</td><td>3255040</td><td>2694301</td><td>82.77</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त रोयल्टी</td><td>1000000</td><td>942663</td><td>94.26</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य संस्थागत आन्तरिक अनुदान</td><td>9200000</td><td>9200000</td><td>100</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ
</td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२.५</td><td></td><td></td><td>नन्फाइलर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू. २२६५६७.७२ समेत रू. १९६९३९५.९७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>नन्फाइलर रहेको मिति</td><td>बील रकम</td><td>मूअकर कर रकम</td></tr>
</table>
</td><td>२२६,५६७.७२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४०-२०७८।१२।२६ | आर. एन . छहारी बिल्डर्स प्रा.लि. | ६०९६८६५६८ | ०७८।M।११ | ८२५६४.१५ | ९४९८.५१ |
| ,, | ,, | ६०९६८६५६८ | ०७८।M।११ | ९३२९८.४७ | १०७३३.४५ |
| ५०-२०७९।१।१२ | ,, | ६०९६८६५६८ | ०७८।M।११ | ५४५२८.७७ | ६२७३.२२ |
| ७४-२०७९।३।७ | ,, | ६०९६८६५६८ | ०७८।M।११ | २३०८५० | २६५५७.९६ |
| ७६-२०७९।३।१३ | पाणिनी दुर्वासा कन्स्ट्रक्सन प्रा.लि. | ६१२४९६९२७ | ०७८।M।११ | २१२०४४.५ | २४३९४.५ |
| ७७-२०७९।३।१३ | आर. एन . छहारी बिल्डर्स प्रा.लि. | ६०९६८६५६८ | ०७८।M।११ | १०५८३५.८ | १२१७५.८ |
| ८२-२०७९।३।१५ | आर. एन . छहारी बिल्डर्स प्रा.लि. | ६०९६८६५६८ | ०७८।M।११ | ३६६७९८ | ४२१९८ |
| ८२-२०७९।३।१५ | पाणिनी दुर्वासा कन्स्ट्रक्सन प्रा.लि. | ६१२४९६९२७ | ०७८।M।११ | १३५०३५ | १५५३५ |
| १११-२०७९।३।२४ | पाणिनी दुर्वासा कन्स्ट्रक्सन प्रा.लि. | ६१२४९६९२७ | ०७८।M।११ | ३२२९९९.२८ | ३७१५९.२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="3">प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td></tr>
<tr><td>२-२०७८|११|२२</td><td>पाणिनी दुर्वासा कन्स्ट्रक्सन प्रा.लि.</td><td>६१२४९६९२७</td><td>०७८|M|११</td><td>३६५४४२</td><td>४२०४२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>1969395.97</td><td>226567.72</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कर्मचारी करारमा नियुक्ति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७ जना कर्मचारीहरु करारमा राखि रु.१३३७७६० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१२९०६८० भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>१,२९०,६८०</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>८</td><td>८</td><td>५</td><td>३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
योजना छनोट र कार्यान्वयन सम्बन्धमा<br><br>
योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । (रकम रू. हजारमा)<br><br>
<table>
<tr><td>विवरण</td><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>योजना संख्या</td><td>१०८</td><td>९२</td><td>१०४</td><td>३२</td><td>१९</td><td>३५५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा रकम</td><td>८१९६</td><td>१५८००</td><td>३८४३०</td><td>२५४४०</td><td>३८१८१</td><td>१२४०४७</td></tr></table>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा ३५५ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र १०८ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अबण्डा बजेट<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष पुजीगत तर्फ रु.१५ लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 51458 | 31140 | ५.७८ |
| सामाजिक विकास | 374905 | 317132 | ५८.८८ |
| पूर्वाधार विकास | 155460 | 116441 | २१.६२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 15255 | 9410 | १.७४ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | 97731 | 64505 | ११.९८ |
| जम्मा | 694809 | 538628 | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५८.८८ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासनमा १.७४ प्रतिशत बजेट विनियोजन गरेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **खर्च बिश्लेषण सम्बन्धमा**<br><br>गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २३०३०२१२।५८ गत वर्षको मौज्दात रू.३०६२९३९३।७६ राजस्व बाँडफाँड रू.८८२४५१७४।-, अनुदानबाट रु. ४९५०८८०८६।- र अन्तर सरकारी अख्तियारी तथा अन्य आयबाट रू. ७०८२१५४।- समेत रू. ६४४०७५०२१।०० आम्दानी भएकोमा चालु तर्फ रु.३८५११५३९१ र पूँजिगत तर्फ रु. १५६५७२०६३ र अन्य खर्च गरी जम्मा रु. ६४४०७५०२१ ।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ३.५७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू. १०५०३०००।-खर्च भएको छ जुन आन्तरिक आयको ४५.६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| २० | | | **सम्पत्ति उपयोग र संरक्षण**<br><br>सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| २१ | | | **सम्पत्ति हस्तान्तरण**<br><br>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख भए पनि कार्यान्वयनको अवस्था खुलाएको छैन । यसमा सुधार हुनु पर्दछ । | |
| २२ | | | **वितीय विवरण सम्बन्धमा**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २३ | | | **विद्यालय अनुदान तथा स्यानेटरी प्याड सम्बन्धमा** | |
| २३.१ | | | **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित १०९ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि पालिकाका कुनै पनि विद्यालयले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि सामाजिक र आर्थिक लेखापरीक्षण गराएको पाइएन ।विद्यालयको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराई नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २३.२ | | | **क्याम्पस अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा गर्न सक्ने कार्यहरु उल्लेख छ । पालिकाले भौ.नं. १८।०७८।१२।६ बाट हरिहर शिक्षा क्याम्पस पाणिनीलाई पहिलो पटक रु.५००००० र दोश्रो पटक पनि रु.५०००० गरी कुल रु.१०००००० लाख भुक्तानी दिएको नियमसंगत नदेखिएको रु. | १,०००,००० |
| २३.३ | | | **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. ७.१ मा दिवा खाजा अनुदान रकम निकासा विद्यालयको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्र.अ. र विव्यस बाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी वास्तविक संख्या यकिन भए पश्चात मात्र रकम निकासा गर्नुपर्ने व्यवस्था भएकोमा पालिका अन्तर्गतका ५६ वटा विद्यालयहरुले माग बमोजिमको रकम बराबर हुने गरी छुट्टै हाजिरी पुस्तिका बनाई प्रमाणको रुपमा पेश गरेकोले सो लाई यर्थाथ प्रमाणको रुपमा मानी संघिय सरकारबाट हस्तान्तरित चालु खाताबाट भौ.नं. ४५-२०७८।११।१८ बाट रु.२१४७२२०, भौ.नं. १५१-२०७९।३।२१ बाट रु.२९९७६९० र भौ.नं. १८४-२०७९।३।२४ बाट रु ९६४००० र मदरसालाई रु.२४१००० | ६,१०८,९१० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी कुल रु ६१०८९१० भुक्तानी दिएको छ । अतः पालिका अन्तर्गत सञ्चालित सम्पूर्ण ५६ वटा विद्यालयहरुले सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि पेश हुनुपर्ने रु. | |
| २३.४ | | | **स्यानीटरी प्याडः** सामुदायिका विद्यालयका कक्षा ६-१२ सम्मका छात्राहरुको लागि निःशुल्क स्यानेटरी प्याड वितरणको लागि पालिकाले आर्थिक वर्षको अन्त्यमा भौ नं १६६-२०७९।३।२३ मा २०९५३ प्याकेट प्रति प्याकेट खरिद गरेकोमा अन्तिम लेखापरीक्षणको मिति सम्म पनि रु.७९१२६५ बराबरको ९३०९ प्याकेट स्यानेटरी प्याड थन्क्याएर राखिएको पाइयो । यसरी आवश्यकता भन्दा बढी सामान खरिद गरी बर्षौसम्म भण्डारमा मौज्दात राखेकोले आगामी आर्थिक वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु | ७९१,२६५ |
| २४ | | | **स्थानीय तथ्याङ्क तर्फ**<br><br>**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदाय सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २५ | | | **कोष व्यवस्थापन**<br><br>प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कोभिड १९ तर्फ</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>प्राप्त रकम र खर्चः कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्तसम्म स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको रू. ३० लाख ७६ हजार प्राप्त भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्म रू. १३ लाख ६७ हजार खर्च गरी रू. १७ लाख ८ हजार बाँकी रहेको छ ।
<table>
<tr><th>बजेट/आम्दानीको स्रोत</th><th>२०७९ असार मसान्तसम्म प्राप्त रकम</th><th>खर्च शीर्षक</th><th>२०७९ असार मसान्तसम्म खर्च रकम</th></tr>
<tr><td>संघीय सञ्चित कोषबाट</td><td>०</td><td>राहात वितरण</td><td>०</td></tr>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td>०</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>3076179.75</td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>०</td><td>जनशक्ति परिचालन</td><td>439830</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>०</td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद</td><td>860482</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>०</td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>०</td></tr>
<tr><td></td><td></td><td>अन्य शीर्षकमा भएको खर्च</td><td>67410</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>1708457.75</td></tr>
<tr><td>जम्मा</td><td>3076179.75</td><td>जम्मा</td><td>3076179.75</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>खोपको अवस्था : पालिकालाइ विभिन्न समयमा कोभिसिल, भेरोसेल र जोन्सन खोप गरी ३८३०८ खोप प्राप्त भएको देखिन्छ । जसमध्ये ५ वर्ष माथि उमेर समुह ३७२१७ डोज खोप लगाएको देखिन्छ भने १०९२ डोज खोप फिर्ता गरेको छ । कूल जनसंख्या २२३५८ मध्ये पहिलो डोज १९८३८ जनाले, दोस्रो डोज २२४५४ जनाले र बुस्टर डोज १०७९७ जनाले प्राप्त गरेको विवरण पेश भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>कूल जनसख्या</th><th>पहिलो डोज</th><th>दोस्रो डोज</th><th>बुस्टर डोज</th></tr>
<tr><td>१</td><td>२२३५८</td><td>१९८३८</td><td>२२४५४</td><td>१०७९७</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २६.४ | | | कोभिड परीक्षणः पालिकाले पेश गरेको विवरण अनुसार २०७९ असार मसान्तसम्म ११७१ जनामा पीसीआर परीक्षण गर्दा २१ जना संक्रमित फेला परेको देखिन्छ । त्यसै गरी एन्टिजेन ११५० जनामा परीक्षण गर्दा १९ जना संक्रमित फेला परेको र २१ जनाको पीसीआर गर्दा २ जना संक्रमित देखा परेको देखिन्छ । परीक्षण र परीक्षणको दर देहाय अनुसार रहेको देखिन्छ ।<br><br><table><tr><td>सि. नं.</td><td>परीक्षण विधि</td><td>परीक्षण संख्या</td><td>संक्रमित संख्या</td></tr><tr><td>१</td><td>एन्टिजेन</td><td>११५०</td><td>१९</td></tr><tr><td>२</td><td>पीसीआर</td><td>२१</td><td>२</td></tr></table> | |
| २७ | | | **आ.व. को अन्त्यमा विद्यालयको खातामा रकम निकासा**<br><br>कार्य सम्पन्न नभएकोः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (३) मा कुनै निर्माण काम सम्पन्न भइसकेपछि त्यसको जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका विद्यालयको खातामा खाता रोक्का रहने राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ४ कोठे विद्यालय भवन निर्माणको लागि ६ वटा विद्यालयको लागि | २८,६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रू. २ करोड १६ लाख र केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान वापत रू. ७० लाख गरी बिल भरपाइ बेगर रू. २ करोड ८६ लाख खर्च लेखेको देखिन्छ । सशर्त अनुदानको रकम संघीय सरकारमा फिर्ता नगरी आ.व. को अन्त्यमा विद्यालयको खातामा रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयबाट सो कार्य भएको आवश्यक बिलभरपाइ सहितको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं. मिति</td><td>विद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२३-२०७९।३।८</td><td>भानु मा.वि. मैदान</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>२५-२०७९।३।२०</td><td>जनसेवा मा.वि.</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>२५-२०७९।३।२०</td><td>शिवमदन मा.वि.</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>२५-२०७९।३।२०</td><td>कमल मा.वि.</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>३०-२०७९।३।२४</td><td>फर्सवाटाकुरा मा.वि. खिदिम</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>३०-२०७९।३।२४</td><td>फर्सवाटाकुरा मा.वि. खिदिम</td><td>कक्षा कोठा निर्माण अनुदान</td><td>३६०००००</td></tr>
<tr><td>३३-२०७९।३।२४</td><td>हरिहर संस्कृत तथा साधारण मा.वि. पोखराथोक</td><td>केन्द्रबाट छनोट भएका नमुना विद्यालय</td><td>७००००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८६०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td>12</td><td>२०७९-१-५</td><td>रीत पूर्वकको कर बीजक</td><td>१४४,३१३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४क. को उपदफा (२) तथा आयकर ऐन, २०५८ को दफा ८१ को उपदफा (४) बमोजिम आन्तरिक राजस्व विभागले तोकेको मापदण्ड, शर्त र प्रक्रियाको अधिनमा रही विद्युतीय माध्यम (ईविलिङ्ग वा कम्प्यूटर विलिङ्ग) बाट बीजक जारी गर्न सक्ने व्यवस्था रहेकोमा कमल निर्माण सेवाले (पान नं. ३००११७५१४) विभिन्न रंगको कागजमा वीजक नं. हालले लेखेर कम्प्युटर प्रिन्ट बीजक पेश गरेको पाइयो । देहाय अनुसारको रु. १२६४४१३।- भुक्तानी गर्दा तोकएको मापदण्ड, शर्त र प्रक्रिया विपरित विद्युतीय माध्यमबाट जारी गरेको बीजक पेश गरी मू.अ.कर वापत रु. १४४३१३ भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रू. | |
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु.९१५९०००।- मध्येबाट कृषि सडक र विध्यालय रगंरोगन कार्यमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ८०२५४९३।- खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ११३४ जनाले निवेदन दिएकामा जम्मा १६१ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ८ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ८ वटा वडामा सञ्चालित कार्यक्रममा १५९ जनालाई दैनिक ५७७ को दरले अधीकतम १०० दिन रोजगारी दिएको पाइयो ।यसरी कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन । | |
| ३० | | | **कन्टिन्जेन्सी सम्बन्धमा**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७८/७९ मा कन्टिन्जेन्सी बापत रु ४८२५८४० कट्टी गरेको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | । उक्त रकम मध्ये रू. २०८६३५० खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ३१ | | | **खरीद व्यवस्थापन** | |
| ३१.१ | 89 | २०७८-१२-२ | नन्फाइलर- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट कृष्टिना एण्ड कृष्टल ईन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. (६०१७९९०२२) लाई मू.अ.कर रू. ५७४५९ समेत रू. ४९९४४३ भुक्तानी दिएकोमा २०७८ माघदेखि लेखापरीक्षण अवधिसम्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू. | ५७,४५९ |
| ३१.२ | | | मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः<br><br>• कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।<br>• देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः<br><table>
<tr><th>गो.भौ. र मिति</th><th>मालसामानको नाम</th><th>बिक्रेता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२-२०७८।७।३०</td><td>प्रिन्टर, व्याट्रि</td><td>एप्पल कम्प्युटर सप्लायर्स</td><td>९४९२०</td></tr>
<tr><td>५-२०७८।८।१३</td><td>फर्निचर</td><td>मिना फर्निचर उद्योग</td><td>१७४७८५</td></tr>
<tr><td>६८-२०७९।२।३१</td><td>फर्निचर</td><td>अर्घा भगवती स्टोर</td><td>३५३१२५</td></tr>
<tr><td>१०५-२०७९।३।२४</td><td>सि.सि.क्यामरा</td><td>डेलिसा सप्लायर्स</td><td>४८८८९४</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>बहाल करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा</td><td>३५५,९४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । तर उक्त व्यवस्था वाहेकको पालिकाले पटके रूपमा असुल गरेको देहाय अनुसारको बहाल कर गाउँपालिकको संचित कोषमा जम्मा गरेको रकम संघीय संचित कोष खातामा दाखिला गर्नु पर्ने रू.<br>
<table>
<tr><td>बजेट शीर्षक</td><td>गो भौ नं./ मिति</td><td>रकम</td></tr>
<tr><td>गा.पा. पूँजीगत</td><td>३४-२०७८।१२।७</td><td>९७१९८.</td></tr>
<tr><td>,,</td><td>१२४-२०७९।३।२८</td><td>२४५२४४.</td></tr>
<tr><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td>३९-०७९।३।२८</td><td>१३५००.</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३५५९४२.</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.४</td><td></td><td></td><td>एज विल्ट नक्सा –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा ५६.१ र ५६.२ मा निर्माण व्यवसायीले निर्माण सम्पन्न भएपछि एज बिल्ट ड्रइग पेश गर्नु पर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष सम्पन्न भएका मध्ये देहाय अनुसारका ठेक्काहरूको एज बिल्ट ड्रइङ पेश नभएको र सम्झौता अनुसारको रकम रोक्का समेत राखेको नपाइएको रू.<br>
<table>
<tr><td>काम</td><td>निर्माण व्यवसायी</td><td>सम्झौता रकम</td><td>रोक्का राख्नु पर्ने रकम</td></tr>
<tr><td>वडा नं. ७ कार्यालय भवन</td><td>खनाल ब्रदर्स कन्ष्ट्रक्सन</td><td>७६७०७०३.४२</td><td>२५०००</td></tr>
</table></td><td>५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>पटाै टी स्वस्थ्य च ाै की भवन</td><td>अर्घाखाँची एच.एस. निर्माण सेवा</td><td>३८५५८२४</td><td>२५०००</td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td>२</td><td>२०७८-११-२२</td><td>

**व्यक्तिको लागि बजेट**

वितरणमुखी कार्यक्रम - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । प्रदेश सरकारबाट हस्तान्तिरत बजेट शीर्षकबाट सौकत अलीको घर भनडाँडामा पक्की बाल निर्माण वापत रू. १० लाख बजेट विनियोजन भएकोमा निर्माण कार्यको प्राविधिक मूल्यांकनको आधारमा रू. ९५३५०० भुक्तानी दिएको पाइयो ।एक व्यक्तिको नाममा बजेट विनियोजन गरी खर्च गर्दा राज्यको स्रोत साधनको न्यायोचित वितरण भएको पाइएन । व्यक्तिमुखी बजेट वितरण गर्ने कार्यलाई नियन्त्रण गर्ने पर्ने देखिन्छ ।



सौकाल अलीको घरमा पक्की वाल निर्माण

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **लाभग्राही समुदायबाट खरिद** | |
| ३३.१ | १०९ | २०७९-३-२४ | १०९-२०७९।३।२४ मौज्दातः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) अनुसार बील वा वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्न सक्ने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा देहाय ७९०० मिटर पाइप रू. २९५६६२।- मा खरिद गरी स्टोरबाट भर्पाइको आधारमा खर्च गरेको छ । उक्त परिमाणको पाइपको सही सदुपोग भएको एकीन गर्न प्राविधिक नापजाँच सहित खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु. | २९५,६६२ |
| ३३.२ | | | जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, खानेपानी संरचना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान |
|---|---|---|---|
| ७-२०७९।१।७ | सहकारी संस्था भवन | भवन निर्माण | १०५८९३० |
| १२-२०७९।२।३१ | दुग्ध उत्पादन केन्द्र भवन | भवन निर्माण | १०५६६३९ |
| १४-२०७९।३।१६ | खवडी इवमाडा भवन | भवन निर्माण | १०५६२१७ |
| १४-२०७९।३।१६ | खवडी इवमाडा भवन | भवन निर्माण | १०६७१९७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सिफारिस दिएकोमा समेत भुक्तानी दिने प्रयोजनको लागि मात्र सहमति दिने गरेको पाइयो । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।
<table>
<tr><th>गो. भौ.नं./ मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यसायी</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>४०-२०७८।१२।२६</td><td>आँपखोला गेजा,तल्ला कुँडापानी,गेजेघाट तथा मर्चवारी कृषि भवन,प्रतिक्षालय निर्माण तथा मर्मत</td><td>२,७१,०६२.०</td><td>नमुना निर्माण सेवा</td><td>१५७०७०</td></tr>
<tr><td>४०-२०७८।१२।२६</td><td>च्युरेडाँडा निगाली,ढोरपाटन डोहोटे,दोबाटा साँधगैरा तथा कुसुण्डेचौर पौवा निर्माण</td><td>२,४९,८०७.००</td><td>नमुना निर्माण सेवा</td><td>१२९९५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४९-२०७९।१।१२</td><td>म्यालपोखरी पात्ले मोटरबाटो</td><td>९५३९३</td><td>यु एण्ड आर शर्मा</td><td>९५५८८</td></tr>
<tr><td>५२-२०७९।१।१६</td><td>पाणिनी ३ का मोटरबाटो सफाई</td><td>९१७५३२</td><td>जय दुर्गे कन्ष्ट्रक्सन</td><td>९०००६३</td></tr>
<tr><td>६३-२०७९।२।२५</td><td>पाणिनी ६ का विभिन्न मो.बा. निर्माण तथा मर्मत</td><td>५२२५५८</td><td>नमुना निर्माण सेवा</td><td>३१०७३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट काम गराएको<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ रू.५११२१६५ बरबरको निर्माण व्यवसायीहरूको विल पेश गरेको देखियो । गाउँपालिकाबाट भुक्तानी भएको ४९१८९१४ रकमको देहाय अनुसारका निर्माण व्यवसायीबाट विल पेश गरेको देखिन्छ ।गाउँपालिकाबाट भुक्तानी भएको रकमबाट नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्ने देखिएको रू</td><td>४,९१८,९१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो. भौ.नं./ मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>पालिकाबाट भुक्तानी</th><th>निर्माण व्यसायी</th><th>निर्माण व्यवसायीको वील रकम</th></tr>
<tr><td>५४-२०७९।१।२१</td><td>पाणिनी ६ का मोटरबाटो सफाई</td><td>३०७३४०</td><td>नमुना नर्माण सेवा</td><td>३८६४६०</td></tr>
<tr><td>,,</td><td>पाणिनी ८ का मोटरबाटो सफाई</td><td>४१०४८६</td><td>पि.टि.आर. अधिकरी कन्ष्ट्रकसन</td><td>४४१९२३.७९</td></tr>
<tr><td>५९-२०७९।२।१०</td><td>ढाब, बाजपोखरी, हल्दारीथुम खेल मैदान निर्माण</td><td>२,२७,८१३.००</td><td>यू. एण्ड आर. शर्मा कन्स्ट्रक्सन प्रा.लि.</td><td>२३७०००</td></tr>
<tr><td>१६-२०७८।११।८</td><td>पाणिनी ४ का मोटरबाटो सफाई</td><td>४८००००</td><td>आर.एन.विल्डर्स छहारी</td><td>४६०८५३</td></tr>
<tr><td>१९-२०७८।११।१५</td><td>वडा नं. २ का विभिन्न सडक</td><td>४७८०७०</td><td>संझना निर्माण सेवा</td><td>४७८०००</td></tr>
<tr><td>१९-२०७८।११।१५</td><td>पाणिनी ७ का मोटरबाटो सफाई</td><td>३४९४३३</td><td>अधिकारी निर्माण सेवा</td><td>३९०६००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४०-२०७८।१२।२६</td><td>सत्यवती मा.वि. राहुलटोल मोटरबाटो</td><td>८७६७९</td><td>आर.एन.विल्डर्स छहारी</td><td>८२५६४</td></tr>
<tr><td>४५-२०७९।१।७</td><td>रातापानी ठूलापोखरा च्यानडाडा खेलमैदान</td><td>३०७८१०</td><td>नमुना निर्माण सेवा</td><td>२९६५१२</td></tr>
<tr><td>४९-२०७९।१।१२</td><td>म्यालपोखरी पात्ले मोटरबाटो</td><td>९५३९३</td><td>यु एण्ड आर शर्मा</td><td>९५५८८</td></tr>
<tr><td>५२-२०७९।१।१६</td><td>पाणिनी ३ का मोटरबाटो सफाई</td><td>९१७५३२</td><td>जय दुर्गे कन्ष्ट्रक्सन</td><td>९०००६३</td></tr>
<tr><td>५४-२०७९।१।२१</td><td>पाणिनी ६ का मोटरबाटो सफाई</td><td>३०७३४०</td><td>नमुना निर्माण सेवा</td><td>३८६४६०</td></tr>
<tr><td>६७-२०७९।२।३१</td><td>बसेरी ,पातला ,खड्कुली , लुड्कुन ,मोटर बाटो निर्माण तथा स्तर उन्नती</td><td>४१४६७१</td><td>यु एण्ड आर शर्मा</td><td>४९१०००</td></tr>
<tr><td colspan="2">प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td></tr>
<tr><td>१९-२०७९।३।२४</td><td>बहखोर खोला खर्कदहमोटरबाटो</td><td>७६३१६०</td><td>प्रशिद्ध निर्माण सेवा</td><td>४६५१४१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>उपभोक्ता समितिबाट खरिद</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर बिजकः- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । दुर्वाशेश्वर महादेव गुफा संरक्षण, ऐतिहासिक पर्यटकीय क्षेत्र पाणिनी तपोभूमि क्षेत्र संरक्षण र पटौटी स्वास्थ्य चौकी भवन निर्माण कार्यको देहाय अनुसारका वीलबाट अर्घाखाँची एच.एस. निर्माण सेवा (पान नं. ६१३२९७४९) ले जारी गरेका सेल्स विजकको आधारमा मू.अ.कर रू. ४२०१७७.९१ भुक्तानी गरेको पाइयो । नियमानुसारको कर विजक पेश नभएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रू.
<table>
<tr><th>वीजक नं. र मिति</th><th>काम</th><th>वील रकम</th><th>मू.अ.कर रकम</th></tr>
<tr><td>१२७-२०७९।३।३०</td><td>दुर्वाशेश्वर महादेव गुफा संरक्षण</td><td>९५४४५९</td><td>१०९८०५.०२</td></tr>
<tr><td>१२९-२०७९।३।३०</td><td>ऐतिहासिक पर्यटकीय क्षेत्र पाणिनी तपोभूमि क्षेत्र संरक्षण</td><td>८०४०८३.१४</td><td>९२५०५.१४</td></tr>
<tr><td>१३२-२०७९।३।२२</td><td>पटौटी स्वास्थ्य चौकी भवन निर्माण</td><td>१८९३७७२</td><td>२१७८६७.७५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४२०१७७.९१</td></tr>
</table></td><td>४२०,१७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३५.२ | | | उपभोक्ता समिति दर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २६४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ५ करोड ९० लाख ८० हजार ९६० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३५.३ | | | प्रतिक्षालय निर्माण- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ. व. २०७८।७९ को पुँजीगत बजेट शीर्षकबाट दहाय अनुसारका प्रतिक्षालय निर्माण गरी रू. २,९२७,९४९.०० खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, निर्माण कार्यको गुणस्तर कायम नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यस्तो निर्माण कार्यका उदाहरण देहाय अनुसार छन् । | |

| गो. भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | पालिकाबाट भुक्तानी |
|---|---|---|
| ६३-२०७९।२।२५ | तल्लो घोरमारा प्रतिक्षालय निर्माण | ९६,०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५-२०७८।११।८</td><td>मालिका कालिका प्रतिक्षालय निर्माण</td><td>२,६३ ,५८६.०</td></tr>
<tr><td>१९-२०७८।११।१५</td><td>डाँडा मन्दिर तथा कटिनेटा पौवा निर्माण</td><td>१,९२ ,०००.००</td></tr>
<tr><td>२५-२०७८।११।२२</td><td>कुर गुम्वा तथा पौवा निर्माण</td><td>१,९२ ,०००.००</td></tr>
<tr><td>३९-२०७८।१२।२५</td><td>मालिका मन्दिर संरक्षण र चौपारी मर्मत</td><td>९६,०००.००</td></tr>
<tr><td>४७-२०७९।१।८</td><td>मधुलेख ठुलापखेरा, बलेचौर , बबियार चौपारी प्रतिक्षालय निर्माण</td><td>१४३०६८</td></tr>
<tr><td>,,</td><td>गोएले गैराबारी प्रतिक्षालय निर्माण तथा मर्मत पाणिनी-३</td><td>९५६०६</td></tr>
<tr><td>४९-२०७९।१।१२</td><td>मधुलेख प्रतिक्षालय निर्माण</td><td>१४३१६८</td></tr>
<tr><td>,,</td><td>डुडवा प्रतिक्षालय निर्माण</td><td>९२०००</td></tr>
<tr><td>५०-२०७९।१।१२</td><td>ढलेका पिपल प्रतिक्षालय</td><td>४६५८८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | |
|---|---|---|
| ५६-२०७९।१।२३ | देउराली भलुवाकुन्ड प्रतिक्षालय | ९४२७६ |
| ६०-२०७९।२।१६ | थाम दुर्गा मन्दिर, धैरेनी चौपारी , खगडी मजारबाबा प्रतिक्षालय निर्माण | १८१२५२ |
| ७४-२०७९।३।७ | अरेला पधेरा प्रतिक्षालय | २७६८९१ |
| ७७-२०७९।३।१३ | राताडाँडा प्रतिक्षालय निर्माण | २८५७८१ |
| ८७-२०७९।३।१६ | वैरेनी ओ खरपाटा प्रतिक्षालय | १८९२३२ |
| ८९-२०७९।३।१७ | जाबुने , डाङ्ग्रे सिम्ले , पाताल र लुकादी प्रतिक्षालय निर्माण (५ वटा) | ४७९८३६ |
| ९५-२०७९।३।२३ | आफ्रा शौचालय तथा भण्डारीकोट प्रतिक्षालय निर्माण | ३३५००० |
| ९८-२०७९।३।२३ | साविक ५ मोटर बाटो मर्मत पधेरो तथा प्रतिक्षालय निर्माण पाणिनी ५ | १८५३६७ |
| १००-२०७९।३।२३ | पाणिनी ३ मरुवा आलमदेवी मन्दिरमा प्रतिक्षालय निर्माण | ९५९५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१११-२०७९।३।२४</td><td>पधेरे खोला वुडाघर प्रतिक्षालय निर्माण</td><td>९१९३०</td></tr><tr><td></td><td>जम्मा</td><td>२,९२७,९४९</td></tr></table></td><td></td></tr>
<tr><td>३५.४</td><td></td><td></td><td>प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>ठेक्काको विवरण सम्बन्धमा<br><br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुनु पर्ने हुन्छ । कार्यालयले</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| ३७ | | | **ठेक्का व्यवस्थापन सम्बन्धमा**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट एक वटा ठेक्का सम्झौता गरेकोमा चौथो त्रैमासिकमा मात्र सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ । | |
| ३८ | | | **खरिद सम्बन्धि** | |
| ३८.१ | | | **औषधि खरिद-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरूले उक्त प्रक्रियावेगर रू.२३ लाखको सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समावेश नभएको,षधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>खरीद टुक्रा गरिएको: स्वास्थ्य चालु सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने उल्लेख छ ।गाऊपालिको शशर्त तर्फ आयुर्वेद तर्फ विभिन्न कार्यक्रम सञ्चालनको लागी दवाई खरिद गर्न वजेट व्यववस्था भएकोमा नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा देहाय अनुसार टुक्रा खरिद गरिएको छ ।प्याकेजमा खरिद गर्दा लागतमा मित्तव्ययीता हुने देखिन्छ ।
<table>
<tr><th>गोभो नं../मिति</th><th>कार्यक्रम</th><th>आपुर्तिकर्ता</th><th>रकम रु</th></tr>
<tr><td>।०७८।११।१०</td><td>नागरीक आरोग्य कार्यक्रम</td><td>आपोलो फार्मेसी गुल्मी</td><td>११६६०६।००</td></tr>
<tr><td>।०७८।११।१०</td><td>नागरीक आरोग्य कार्यक्रम</td><td>आपोलो फार्मेसी गुल्मी</td><td>१७२८०२।००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

<table>
<tr><td>|०७८|११|१०</td><td>ज्येष्ठ नागरिक संरक्षण</td><td>आपोलो फार्मेसी गुल्मी</td><td>२१४९८२|००</td></tr>
<tr><td>२९|०७८|१०|१७</td><td>मातृशिशु सुरक्षार्थ</td><td>नरोत्तम आयूर्वेद</td><td>८८५५०|००</td></tr>
<tr><td>२९|०७८|१०|१७</td><td>मातृशिशु सुरक्षार्थ</td><td>नरोत्तम आयूर्वेद</td><td>१२४५२०|००</td></tr>
<tr><td>२२|०७८|९|२५</td><td>अति आवस्यक औषधी</td><td>नरोत्तम आयूर्वेद</td><td>५०००००|००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१२१७४६०</td></tr>
</table>

३९

**शिक्षक दरबन्दी तथा पदपूर्ती**

१ शिक्षक दरवन्दी र पदपूर्तिः - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि. नं . | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या ( २०७९ ) | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | श्री ने रा मा वि पणेना | १३ | १२ | ३ | २१० | १ मावि रीक्त |
| २ | श्रीहरिहर सं सा मा वि पो | १७ | १७ | ५ | ३९२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | श्रीफर्सवाटाकुरा मावि खिदीम | १३ | १३ | १ | २१८ | |
| ४ | द्यौराली मा वि पटौटी | १३ | १३ | ५ | ४३५ | |
| ५ | श्री कृष्ण मा वि मैदान | १३ | १४ | १ | ३२३ | १ प्रावि जनसेवामा जानुपर्ने |
| ६ | धातिवाङ्ग मा वि धातिवा | ११ | ११ | ४ | १५५ | |
| ७ | श्री शिवमदन मा वि अड्गुरी | १३ | १३ | १ | ३४५ | |
| ८ | श्री कमला मा वि पाली | १४ | १३ | १ | ३९८ | १ प्रावि रिक्त |
| ९ | श्री सरस्वती मा वि पणेना | ११ | १० | ४ | १५० | १ मावि रीक्त |
| १० | श्रीसरस्वतीभवन रामावि खि | ११ | १० | ५ | ११४ | १ दरवन्दी साधनवुटा बाट आउने |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | श्री सिध्द मा वि पोखराथोक | १२ | १२ | ८ | ३५३ | |
| १२ | श्रीदुर्वासेश्वर मा वि खिदीम | ११ | ११ | २ | १८० | |
| १३ | देविप्रभाव मा वि पटौटी | ११ | ११ | ३ | १९२ | |
| १४ | भानु मा वि मैदान | १२ | १२ | ७ | २३ | |
| १५ | श्री विद्याविनोद मावि अड् | १२ | ११ | ५ | १३१ | १ दरवन्दी शिखर बाट आरउने |
| १६ | श्री जनसेवा मा वि अड्गुरी | १२ | १० | ३ | ३२१ | १ कृष्ण मा वि र १ जनता आवि बाट आउने |
| १७ | अरुणोदय आ वि पटौटी | ७ | ७ | ५ | १९५ | |
| १८ | जनज्योति आ वि मैदान | ७ | ७ | ४ | १४२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | भगवती आ वि अड्गुरी | ७ | ७ | ६ | ९४ | |
| २० | श्री अर्भका आ वि पाली | ८ | ८ | ५ | १३८ | |
| २१ | श्री पाणिनि आ वि पणेना | ३ | ३ | ० | १६ | |
| २२ | श्री डाङ्ग्रे आ वि पोखराथोक | ४ | ४ | २ | १३३ | |
| २३ | श्री चित्ररम्भा आ वि रयेले | ४ | ४ | १ | २५ | |
| २४ | श्री साधनवुटा आ वि खिदीम | २ | ३ | १ | ७३ | १ प्रावि सरस्वती भवन जानुपर्ने |
| २५ | श्री सर्वोदय आ वि खिदीम | ५ | ५ | २ | १० | |
| २६ | श्रीआलमदेवी आ वि खिदीम | ३ | ३ | १ | ६० | |
| २७ | श्री महादेव आ वि खिदीम | २ | २ | १ | २८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | ठूलापोखरा आ वि पटौटी | ४ | ४ | १ | १११ | |
| २९ | जनकल्याण आ वि पटौटी | ४ | ४ | ० | ६० | |
| ३० | विद्याविकास आ वि मैदान | २ | २ | ० | २३ | |
| ३१ | अमर आ वि मैदान | २ | २ | १ | ७७ | |
| ३२ | सूर्योदय आ वि धातिवाङ्ग | ३ | ३ | ० | ६२ | |
| ३३ | अमर आ वि धातिवाङ्ग | ३ | ३ | १ | २१ | |
| ३४ | सीता आ वि धातिवाङ्ग | २ | २ | १ | २१ | |
| ३५ | श्री तुलसी आ वि अड्गुरी | ३ | ३ | ० | ६६ | |
| ३६ | श्री वावुराम आ वि पाली | ५ | ५ | २ | ३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७ | श्री वलेघाट आ वि पाली | ५ | ४ | १ | २६ | १ रीक्त |
| ३८ | श्री भानु आ वि मधु पाली | २ | २ | २ | ५२ | |
| ३९ | श्री गोरक्षनाथ आ वि पणेना | २ | २ | ० | ७१ | |
| ४० | श्रीगोपालसिध्द आ वि पणेना | २ | २ | ० | १११ | |
| ४१ | वालकल्याण आ वि मैदान | १ | १ | ० | २२ | |
| ४२ | श्रीसत्यटारीद आवि पणेना | २ | २ | २ | १७ | |
| ४३ | श्री सिध्देश्वर आ वि पो थो | १ | १ | ० | २० | |
| ४४ | श्री कुलदिप आ वि खिदीम | १ | १ | १ | २५ | |
| ४५ | विद्‌याविकास आवि पटौटी | २ | २ | २ | १७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६ | नवज्योति आ वि पटौटी | १ | १ | १ | ३४ | |
| ४७ | शारदा आ वि पटौटी | २ | १ | ० | ३३ | १ रीक्त |
| ४८ | सर्वोदय आ वि मैदान | २ | २ | ० | १५ | |
| ४९ | जनता आ वि मैदान | १ | २ | ० | १६ | १ जनसेवा जानुपर्ने |
| ५० | बहखोर आ वि मैदान | १ | १ | ० | २२ | |
| ५१ | कालिका आ वि धातिवाङ्ग | २ | २ | ० | २९ | |
| ५२ | श्री मालिका आ वि अड्गुरी | २ | २ | ० | २५ | |
| ५३ | श्री शिखर आ वि अड्गुरी | १ | २ | १ | १६ | १ विद्याविनोद जानुपर्ने |
| ५४ | श्री कोट आ वि पाली | १ | १ | ० | ५० | |
| | जम्मा | ३१० | ३०५ | १०२ | ५९३० | |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ख) विद्यालयगत निकासा रजिष्ट्रर - अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।<br><br>२ अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका १८ जना अंग्रेजी माध्यमका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ३४७२000।- तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४० | | | **प्रशासकीय भवन निर्माण**<br><br>गाउँपालिकाको प्रशासकीय भवन निर्माणकार्यको लागत अनुमान रु. ८१५७४४९५.९७ रहेकोमा ठेक्का व्यवस्थापन गर्दा सबै भन्दा कम कवोल गर्ने स्काई।प्रतिभा।खनाल जे.भी.ले कवोल गरेको रु. ४८९५९९५२ मा २०८०।३।२२ मा सम्पन्न गर्ने गरी मिति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७८।३।२२ मा सम्झौता भएको छ । उक्त भवन निर्माण कार्यको ७१ प्रतिशत अविध सम्प्त हुदा हाल सम्म करिव ६५ प्रतिशत भौतिक प्रगति भएको छ । यस आ.व. रु. १८२३२०८२.५१ भुक्तानी भएको छ । भवन निर्माणको पालिकाका प्रविधिक सहित स्थलगत निरीक्षण गर्दा साउथ, वेस्ट र नर्थ ब्लकको स्टकचरको काम सम्पन्न भएको र इष्ट ब्लकको पिलरको काम मात्र भएको पाइयो । निर्धारित समयमा काम सम्पन्न गराउन पलिकाले पहल गर्नु पर्ने देखिन्छ ।<br><br>निर्माणाधीन कार्यालय भवन<br><br>भवनको नक्सा | |
| ४१ | 120 | २०७९-३-२५ | **ल्याव सञ्चालन**<br><br>फिस्टेल जियो सर्भे प्रा.लि. बुटबलबाट खरिद गरेको रू. ४९७७६५।- को उपकरण खरिद गरेको छ । आर्थिक वर्षको अन्त्यमा खरिद भएका गुणस्तर परीक्षण सम्बन्धी उपकरण लेखापरीक्षणको अवधिसम्म पनि गुणस्तर विभागबाट क्यलिब्रसन हुन नसकेकोले प्रयोग विहिन अवस्थामा रहेको पाइयो । यस्ता उपकरणको वारेन्टी पिरियड एक निश्चत अविध सम्म हुनेमा खरिद भएर पनि उपयोगमा ल्याउन नसकेको कारणले कार्यालयबाट प्रदान हुने माटो परीक्षण सेवाबाट समेत सर्वसाधारण बन्चित हुनु परेको अवस्था छ । खरिद भएका उपकरण यथाशीघ्र जडान गरी सेवा प्रवाह गरेको प्रमाण पेश गर्नु पर्ने रू. | ४९७,७६५ |
| ४२ | | | **पाणिनी तपोभूमि**<br><br>स्थलगत निरीक्षणः पाणिनी तपोभूमि दह संरक्षण तथा पोखरी मर्मत वापत रू. २ लाख विनियोजन भएको मा उपभोक्ता समितिबाट लागत अनुमान रू. २११७०८।११ को कार्य गराइ मूल्यांकन अनुसार रू. १५१०२४ भुक्तानी गरेको पाइयो । यस | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा ऐतिहासिक पोखरीमा सिमेन्टको संरचना बनाएको पाइयो । यसरी संरचना वनाए पनि पोखरीमा पानी अडिएको पाइएन । संरक्षणको नाममा पोखरीको ऐतिहासिकपन समेत नष्ट हुने गरी सिमेन्टको संरचना बनाउने कार्यले पोखरीको वास्तविक स्वरुप समेत लोप हुने खतरा ध्यान पुर्याउनु पर्दछ ।  पानी विनाका पोखरी र सिमेन्टका संरचनाहरू | |
| ४३ | | | **खरको छाना विस्थापित कार्यक्रम**<br><br>**खरको छाना विस्थापित कार्यक्रमः** २०—२०७९।२।९ खरको छाना विस्थापित गरी जस्ता पाता वितरण कार्यक्रमको लागत अनुमान रू. १०१६९०८४.९३ को खरिद कार्यको लागि हुलास इस्टिल इन्डस्ट्रिजसँगको सम्झौता अनुसार रू. ९७७७९६६.२८ मा २६ गेज हेभी कलर ०.४१ एमएम ९ एफ जस्ता पाता खरिद गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् । | |
| ४३.१ | | | (क) सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनोटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र वितीय प्रबन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाइएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । कार्यालयले सुरक्षित नागरिक आवास | ९,७७७,९६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समन्वय समितिले लाभग्राही छनोट र सिफारिश गरेको नामावलीको आधारमा २११ घर निर्माणको सम्झौता गरेकोमा १३४ घर निर्माण सम्पन्न भएको विवरण कार्यालयले पेश गरेको छ । सुरक्षित आवास कायक्रमबाट प्रति घर २ किस्तामा ५० हजार भुक्तानी हुने यस कार्यक्रममा रू. ६७ लाख भुक्तानी गरेको छ । यस प्रकारको वितरणमुखी कार्यमा खर्च गर्दा लाभग्राही छनौटको आधार, गत विगत वर्षमा यस प्रकारको सुविधा लिए नलिएको, जस्ता पाताको गुणस्तर तथा स्पेशिफिकेशन तयार गरी अन्य निकायबाट यस प्रकारको सुविधा नलिएको सुनिश्चितता गरेको देखिएन। पालिकाबाट पर्याप्त मात्रामा अनुगमन भएको भन्ने भनाइ रहे पनि यस्तो कार्यमा सुधार हुनु पर्दछ । यस वर्ष आवास निर्माणको लागि अनुदान पाउनेको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>किस्ता</th><th>संझौता संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>पहिलो</td><td>१३४</td><td>३००००</td><td>४०२००००</td></tr>
<tr><td>दोस्रो</td><td>१३४</td><td>२००००</td><td>२६८००००</td></tr>
<tr><td>दोस्रो किस्ता लिन बाँकी</td><td>०</td><td></td><td></td></tr>
<tr><td>दुबै किस्ता नलिने</td><td>७७</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>२११</td><td>५००००</td><td>६७०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ख) सम्झौता अनुसारको जस्ता पाताको भुक्तानी २०७९।२।९ मा भएको छ । जस्ता पाता लक्षित वर्गलाई वितरण नगरी राखिएको देखियो । आर्थिक वर्षको अन्त्यमा खरिद गरी कार्यालयमा मौज्दात रहेको कारणले बजेट निष्कृय रहेको अवस्था छ । उक्त परिमाणको जस्तापाता आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रू. | |
| ४३.२ | | | (ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम १० मा मालसामानको लागत अनुमान बनाउँदा कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था छैन । खरको छाना विस्थापित गरी जस्ता पाता वितरण कार्यक्रमको लागत अनुमान तयार गर्दा समावेश गरेको ३ प्रतिशतले हुने कन्टिन्जेन्सी रू. ३९११८.६५ कट्टा गरी राखेको पाइयो ।खरिद कार्यमा कन्टिन्जेन्सी कट्टा गर्न पाउने प्रवधान नभएको र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको बजेट बाँकी रकम फिर्ता गर्नु पर्ने हुँदा कन्टिन्जेन्सी कट्टा गरी राखेको रकम संघीय सरकारको कोषमा फिर्ता दाखिला गर्नु पर्ने रू. | ३९,११८.६५ |
| ४४ | | | **पाठ्यपुस्तक तथा छात्रवृती अनुदान** | |
| ४४.१ | | | **पाठ्यपुस्तक अनुदानमा वास्तविक खर्च भन्दा बढी निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ ।कार्यक्रम कार्यान्वयन पुस्तिका२०७८।७९ को क्रियाकलाप नं २.४.६.१मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्त अनुदान दिने व्यवस्था छ ।पालिकाले निकासा दिएकोमा नमुना छनौटका आधारमा देहायका विद्यालयहरुको परीक्षण गर्दा खरिद बिल, इमिस तथ्याङ्ग र पुस्तक वितरण भरपाईको आधारमा वास्तविक पुस्तक खरिद भन्दा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु<br><br>क्र.सं \| विद्यालयको नाम \| रकम<br>१ \| ने.रा.मा.वि.पणेना \| ४५०५ | २५,९९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२</td><td>हरीहर मा.वि.पोखराथोक</td><td>४३१०</td></tr>
<tr><td>३</td><td>फर्सवाटाकुरा मा.वि.खिदिम</td><td>३७९४</td></tr>
<tr><td>७</td><td>शिवमदन मा.वि.अड्गुरी</td><td>३७३६</td></tr>
<tr><td>९</td><td>सरस्वती मा.वि.पणेना</td><td>१७४९</td></tr>
<tr><td>११</td><td>देवीप्रभाव मा.वि.पटौटी</td><td>२३९२</td></tr>
<tr><td>१२</td><td>भानु मा.वि. मैदान</td><td>२९३२</td></tr>
<tr><td>१३</td><td>भगवती आ.वि.अड्गुरी</td><td>१५०६</td></tr>
<tr><td>१४</td><td>बालकल्याण आ.वि.मैदान</td><td>१०७५</td></tr>
<tr><td colspan="2">जम्मा असुल रकम</td><td>२५९९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.२</td><td></td><td></td><td>छात्रवृत्ति मा बढी निकासाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था छ ।पालिका अन्तर्गत संचालित विद्यालयहरुमध्ये</td><td>३२,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छात्रवृतीको नमुना छनौटका आधारमा परीक्षण गर्दा देहायका विद्यालयलाई वितरण भन्दा बढी निकासा भएकोले बढी निकासा रकम देहायका विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र. सं</th><th>विद्यालयको नाम</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>श्री ने रा मा वि पणेना</td><td>४००</td></tr>
<tr><td>३</td><td>श्रीफर्सवाटाकुरा मावि खिदीम</td><td>४०००</td></tr>
<tr><td>४</td><td>द्यौराली मा वि पटौटी</td><td>३२००</td></tr>
<tr><td>५</td><td>श्री कृष्ण मा वि मैदान</td><td>२८००</td></tr>
<tr><td>९</td><td>श्री सरस्वती मा वि पणेना</td><td>२०००</td></tr>
<tr><td>१५</td><td>श्री विद्याविनोद मावि अङ्</td><td>८००</td></tr>
<tr><td>१८</td><td>जनज्योति आ वि मैदान</td><td>१६००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९</td><td>भगवती आ वि अङ्गुरी</td><td>२०००</td></tr>
<tr><td>२३</td><td>श्री चित्ररम्भा आ वि रयेले</td><td>२०००</td></tr>
<tr><td>२४</td><td>श्री साधनवुटा आ वि खिदीम</td><td>४००</td></tr>
<tr><td>२५</td><td>श्री सर्वोदय आ वि खिदीम</td><td>२०००</td></tr>
<tr><td>२८</td><td>ठूलापोखरा आ वि पटौटी</td><td>४००</td></tr>
<tr><td>३०</td><td>विद्याविकास आ वि मैदान</td><td>२८००</td></tr>
<tr><td>३१</td><td>अमर आ वि मैदान</td><td>४०००</td></tr>
<tr><td>३४</td><td>सीता आ वि धातिवाङ्ग</td><td>८००</td></tr>
<tr><td>५०</td><td>बहखोर आ वि मैदान</td><td>१२००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५१</td><td>कालिका आ वि धातिवाङ्ग</td><td>२०००</td></tr>
<tr><td></td><td>जम्मा असुल</td><td>३२४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>
पेश्की सम्बन्धी<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाई भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. ३४००००० सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ ।<br><br>
<table>
<tr><th>भौ.नं.</th><th>मिति</th><th>कार्यक्रम</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>123</td><td>3/25/2079</td><td>औधोगिक ग्राम निर्माण</td><td>श्री गोरखनाथ कन्स्ट्रकसन एण्ड मर्चेन्डाइजर प्रा.लि</td><td>1400000</td></tr>
<tr><td>29</td><td>3/12/2079</td><td>धातिवाङ्ग स्वास्थ्य चौकी निर्माण</td><td>हाम्जा निर्माण सेवा</td><td>2000000</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>तपोभुमी आश्रम</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>पाणिनी तपोभुमीः पाणिनी तपोभुमी व्यवस्थापन संरक्षण तथा सम्बर्द्धन समितिलाई पाणिनी तपोभुमी दैनिक पुजा तथा सरसफाईको लागि पालिकाले भौ.नं. १०१-०७८।१२।६ बाट रु.३००००० भुक्ती दिएकोमा स्थलगत निरिक्षण गर्दा कुनै पनि पुजारी तथा हेरालु नभएको तथा संरक्षण पनि उपयुक्त नरहेको, पाणिनी तपोभुमी क्षेत्र बेवारिसे अवस्थामा रहेको तथा पुजारी लगायत कोही पनि त्यहाँ रहेको पाइएन साथै खर्च अनुसारको व्यवस्थापन भएको पाइएन ।गाउँपालिकाले पाणिनी तपोभुमी संरक्षण तथ सम्बर्द्धनको लागि देहायनुसारको खर्च भएको देखियो ।
<table>
<tr><th>क्र.सं.</th><th>खर्च शर्षक</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>पुजारी पारिश्रमिक</td><td>६०००* १२</td><td>७२०००</td></tr>
<tr><td>2.</td><td>माली पारिश्रमिक</td><td>५०००* १२</td><td>६००००</td></tr>
<tr><td>3.</td><td>श्रावणी पुजा संचालन</td><td>२०००* ३०</td><td>६००००</td></tr>
<tr><td>4.</td><td>दैनिक पुजा सामग्री</td><td>३५०* ३६५</td><td>१२७७५०</td></tr>
<tr><td></td><td>जम्मा खर्च</td><td></td><td>३१९७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>खर्चको पुष्टाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(४) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ ।गाउपालिकाले आर्थिक वर्षको अन्त्यमा छुर्पि</td><td>२,०४४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रबर्द्बन कार्यक्रमबाट देउराली छुर्पी उद्योगको लागी श्री पाणिनी दुग्ध सहकारी संस्थालाई रु २०४४०००।०० अनुदान दिईएकोमा सो को प्रस्तावित खर्च अनुसारको विल भर्पाई , खर्चको सार्वजनिकीकरण र अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रु | |
| ४७ | | | **खर्चको प्रमाण पेश गर्नुपर्ने** | |
| ४७.१ | | | **खर्चको पुष्टाईः** संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम सशर्तको वजेट खर्च गर्दा तोकिएको सर्त वमोजिम तोकिएको क्षेत्रमामात्र खर्च गर्न सकिने छ ।गाउपालिकाले शिक्षा तर्फको विद्यालय सहयोग कार्यक्रमवाट आर्थिक वर्षको अन्त्यमा भौ.नं. १८८-०७९।३।२४ बाट सशर्त बजेटबाट हरिहर संस्कृत साधारण मावीलाई लर्निङ बाई अर्निङ कार्यक्रमको लागी रु. १० लाख बजेट विनियोजन भएकोमा प्रस्तावित कार्यक्रम र कार्यविधि अनुसार खर्च भएको वा नभएको सम्वन्धमा खर्चको विल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | १,०००,००० |
| ४७.२ | | | **भर्पाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(४) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ।गाउपालिकाले आर्थिक वर्षको अन्त्यमा १५२।२०७९।३।२२ मातृ तथा नवशिशु कार्यक्रमवाट न्यानो झोला ड्रिम सर्जिकल हाउसबाट २०० वटा रु १७८४०२ को खरिद भएकोमा सो वितरणको भर्पाई पेश हुनु पर्ने रु | १७८,४०२ |
| ४८ | | | **बढी भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(४) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाइ,प्रमाण र कागजात संलग्न हुनु पर्दछ गोभो १८९।०७९।३।२४ वाट पुरानो फलफुल नर्सरी सुदृढिकरण कार्यक्रमवाट ५० प्रतिशत लागत अनुदानमा दीक्षा नर्सरी तथा कृषि फर्म लाई भुक्तानी दिदा नापि तर्फ रु ७८०५४३।०० र खरिद तर्फ रु ५०२०००।०० गरी जम्मा रु१२८२५४३।०० खर्च भएकोमा ५० प्रतिशत रु ६४१२७१।५ भुक्तानी गर्नु पर्नेमा रु ७४८६१६ भुक्तानी भएकोले वढि भुक्तानी भएको रु १०७३४४।५ अशुल गर्नुपर्ने रु | १०७,३४४.५ |